बैठक संख्या -९८

आज मिति २०८१।०३।१८ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क्र स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | बुटी तामाङ |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | ज्ञानु |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री दिपक प्रसाद अधिकारी | सदस्य सचिव | |

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ९८ मितिः २०८१।०३।१८

निर्णयहरूः

१. गाउँ कार्यपालिकाको विगतमा भएका निर्णयहरुको समीक्षा गरियो ।

२. गाउँपालिका भित्रका सबै वडाहरुमा कृषि तथा पशुसेवा प्राविधिकहरुको दरवन्दी नरहेको र गाउँपालिकाले कृषि तथा पशुजन्य उत्पादनको क्षेत्रमा विशेष प्राथमिकता दिइरहेको सन्दर्भमा तीन जना कृषि प्राविधिक र दुई जना पशुसेवा प्राविधिकको सेवा निरन्तरता दिने साथै वडा कार्यालयहरुमा सहायक कर्मचारीको दरवन्दी नरहेको सन्दर्भमा सचिवबाट मात्र काम गर्दा सेवा प्रवाहमा कठीनाई हुने भएकाले विगतदेखि नै कार्यरत रहेका दुई जना वडा सहायक र दुई जना सामाजिक परिचालकको सेवा निरन्तरता दिने सम्बन्धी प्रस्ताव संस्थागत विकास तथा सुशासन समितिका संयोजक श्री राम बहादुर वि.क. मार्फत गाउँसभाको १६ औं अधिवेशनको तेस्रो बैठकमा अनुमोदनका लागि पेश गर्ने ।

३. उत्तरगया गाउँपालिका वडा नं ४ मा रहेको उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न भएको नवविजयी महेन्द्र मा.वि. देखि विमिरे जाने मोटरबाटो निर्माण योजनाबाट निर्माण भएको बाटोको निर्माणका क्रममा केही समस्या देखिएकाले उक्त योजनाको हाल ७० प्रतिशत मात्र भुक्तानी गरी बाँकी रकम भुक्तानीका लागि आगामी आ.व. को बजेट तथा कार्यक्रममा स्रोत सुनिश्चितता गर्ने गरी विनियोजन विधेयक २०८१ मा संशोधन प्रस्तावमा समावेश गर्ने र निर्माण कामको समस्या समाधान पश्चात् मात्र भुक्तानी हुने गरी कार्यालयलाई निर्देशन दिने।

४. कविराज (सहायकस्तर पाँचौं) श्री प्रदीप बाबु दुवाडीको निजले लिएको बिदा सम्बन्धी मुद्दा सम्मानित श्री सर्वोच्च अदालतमा विचाराधिन रहेकोले उक्त मुद्दाको अन्तिम आदेश पश्चात् मात्र निजको आ.व. २०८०/०८१ को पौष महिना देखि असार मसान्त सम्मको तलब भत्ता भुक्तानी हुने गरी आगामी आ.व.को लागि दायित्व सिर्जना गर्ने गरी कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

५. उत्तरगया गाउँपालिका वडा नं ५ मा रहेको श्री निलकण्ठ माध्यमिक विद्यालयले वि.सं २०८१ वैशाख देखि असार सम्मको विद्यार्थी ओसार पसार गर्ने बस सञ्चालन गरे वापत भुक्तानीका लागि पेश गरेको कुल खर्च वापतको रकम मध्येबाट सम्बन्धित विद्यालयको नाममा रु. ४,००,०००।– (अक्षेरुपी रु चार लाख मात्र ) निकासाको लागि विनियोजन ऐन २०८० मा संशोधन गर्न र उत्तरगया गाउँपालिकाको विनियोजन ऐन २०८० को

२०८१।०३।१८

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ९८ मितिः २०८१।०३।१८

अनुसूचिमा चालु आर्थिक वर्षको लागि विभिन्न स्रोतहरुबाट आम्दानी प्राप्त हुने र सोही अनुरुप स्रोतगत रुपमा खर्च गर्ने गरी पेश भई कार्यान्वयमा समेत रहेको अवस्थामा चालु आर्थिक वर्षको अन्त्यतिर आइपुग्दा घरजग्गा रजिष्ट्रेशन शुल्क र दहत्तर बहत्तर शुल्क तर्फ अनुमानित रकम भन्दा निकै कम प्राप्त भएकाले सो स्रोतबाट हुने गरी व्यवस्था गरिएको जनप्रतिनिधि तथा कर्मचारीहरुको बैठक भत्ता लगायतको भुक्तानी प्रभावित भएको हुँदा आगामी आर्थिक वर्षका लागि दायित्त्व रकम रहनुभन्दा संघिय सरकार राजस्व बाँडफाँड तर्फको पारिश्रमिक कर्मचारी शीर्षकबाट भुक्तानी हुने गरी कर्मचारी बैठक भत्ता १० लाख, पदाधिकारी बैठक भत्ता १ लाख, श्री ढुङ्गे आधारभूत विद्यालय देखि विमिरे थिङटोल सिंढिबाटो निर्माण रु ५ लाखको स्रोत समायोजन हुने गरी विनियोजन ऐन २०८० को अनुसूचिमा कार्यक्रम संशोधन गर्ने प्रस्ताव गाउँसभाको १६ औं अधिवेशनको तेस्रो बैठकमा गाउँपालिका उपाध्यक्ष चमेली गुरुङले पेश गर्ने ।

६. आ व २०८१।८२ को नीति तथा कार्यक्रम, आर्थिक विधेयक तथा विनियोजन विधेयक तयारी, गाउँसभा सञ्चालन लगायतका कार्यमा अतिरिक्त समय कार्य गरेबापत गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, सूचना प्रविधी अधिकृत, आन्तरिक लेखा परीक्षक राजश्व शाखा प्रमुख र कम्प्यूटर अपरेटरलाई एक महिना बराबरको मासिक खाइपाई आएको तलव/सुविधा उपलब्ध गराउने।

७. उत्तरगया गाउँपालिका वडा नं ५ मा रहेको उत्तरगया आँखा केन्द्रमा कार्यरत अप्थाल्मिक असिस्टन्ट श्री सगुन खनाल र आँखा सहायक श्री रविन्द्र घिमिरेको मिति २०८० असोज देखि २०८१ भदौ महिनासम्मको मासिक महंगी भत्ता रु २४०००/- र पोसाक भत्ता रु १००००/- गरी जनही रु ३४०००/- तिलगंगा आँखा प्रतिष्ठानबाट ढिलो गरी निकासा भएकाले निजहरुलाई कुल रकम रु ६८०००/- भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने ।

८. मिति २०७८/०७/१७ गते देखि मिति २०८१/०१/३१ गते सम्म कृषि सेवा, बागबानी समूह, प्राविधिक सहायक पदमा स्थायी नियुक्ति भई कामकाज गर्नुभएका प्राविधिक सहायक (सहायकस्तर पाँचौं) श्री उत्सव पोखेलको मिति २०८१/०२/०१ गते देखि लागु हुने गरी स्थानीय सेवा गठन तथा सञ्चालन ऐन,२०७९ को दफा १४६ बमोजिम राजिनामा स्वीकृत भएकोमा सोही ऐनको दफा ५३ को उपदफा ५ बमोजिम निजको सञ्चित रहेको जम्मा ३५ दिनको घर बिदा वापत निजको पदाधिकार रहेको पदबाट खाइपाइ आएको तलबको दरले

२०८१।०३।१८

हुन आउने रकम रु ४० हजार ४ सय पन्चानब्बे, सोही ऐनको दफा ५४ को उपदफा ६ र ७ बमोजिम निजको जम्मा २९ दिनको बिरामी बिदाको हुन आउने रकम रु ३३ हजार ५ सय ५३ र सोही ऐनको दफा ७५ को उपदफा (१ख) र उपदफा (७) बमोजिम २.५ वर्षको हुन आउने रकम रु १ लाख ८२ हजार ३ सय ३२ गरी कुल जम्मा रु २ लाख ५६ हजार ३ सय ३२ मात्र कर्मचारी पारिश्रमिक शीर्षकबाट निजलाई उपलब्ध गराउने सम्बन्धी गाउँ कार्यपालिकाको मिति २०८१/०२/२२ गतेको बैठकबाट निर्णय भए बमोजिमको प्रस्ताव संस्थागत विकास तथा सुशासन समितिका संयोजक श्री राम बहादुर वि.क. मार्फत गाउँसभाको १६ औं अधिवेशनको तेस्रो बैठकमा अनुमोदनका लागि पेश गर्ने ।

९. चालु आर्थिक वर्षमा संघीय विशेष अनुदान र प्रदेश विशेष अनुदान तर्फका तपसिल बमोजिमका कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहिरहेको तर तोकिएको समयावधिमा सम्पन्न हुन नसकेकोले उक्त शीर्षकहरुको बाँकी रकम सम्बन्धित सरकारमा यसै आर्थिक वर्ष भित्र फिर्ता गरिसक्नुपर्ने कानुनी व्यवस्थाका कारण आगामी आर्थिक वर्षको लागि कार्य सम्पन्न पश्चात् भुक्तानीको दायित्त्व यस कार्यालयमा रहने सन्दर्भमा साथै उपभोक्ता समिति मार्फत भएको कार्यमा समेत विशेष कारणवश हाल भुक्तानी गर्न नसकिने अवस्थाका कारण आगामी आर्थिक वर्षका लागि दायित्त्व सिर्जना हुने देखिएकाले साथै कार्यक्रम थप गर्नुपर्ने भएकाले विनियोजन विधेयक २०८१ माथि संशोधन हुने गरी आन्तरिक आय तर्फ कुल ३ करोड १ लाख आय अनुमान गरी चालु तर्फ रु २५ करोड ३५ लाख ८१ हजार ३ सय ५० र पूँजीगत तर्फ १५ करोड ११ लाख १८ हजार गरी कुल अनुमान रु ४० करोड ४६ लाख ९९ हजार ३ सय ५० कायम गरी विनियोजन विधेयक २०८१ संशोधन गर्ने सम्बन्धी प्रस्ताव १६ औं अधिवेशनको तेस्रो बैठकमा गाउँपालिका उपाध्यक्ष चमेली गुरुङले पेश गर्ने ।

१०. पालिकास्तरीय अनुगमन समितिबाट यस वर्ष भएको सम्पूर्ण अनुगमन कार्यको विस्तृत जानकारी समितिका संयोजकबाट प्राप्त गरियो ।

११. गाउँपालिकाको विभिन्न कार्यालय तथा शाखाहरु अन्तर्गत सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा करार अवधि मिति २०८१ असार मसान्तबाट समाप्त हुने सम्बन्धमा संघीय तथा प्रादेशिक निकायबाट प्राप्त परिपत्र, गाउँपालिकाको कार्यालयको सेवा प्रवाहमा

२०८१।०३।१८

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ९८ मितिः २०८१।०३।१८

आवश्यक पर्ने जनशक्ति समेतका विश्लेषणका आधारमा तपसिल बमोजिमका ४७ जना कर्मचारीहरुको सेवा करार अवधि २०८१ पौष मसान्त सम्मको लागि थप गर्ने गरी कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

तपसिल

| क स | नाम, थर | पद | करार/ ज्यालादारी | कार्यरत कार्यालय | तलब |
|---|---|---|---|---|---|
| १ | जनक आचार्य | सूचना प्रविधि अधिकृत | करार | उत्तरगया गाउँपलिका | ४३६८९ |
| २ | गणेश सापकोटा | रोजगार संयोजक(पाचौं) | करार | उत्तरगया गा.पा रोजगार सेवा केन्द्र | ३४७३० |
| ३ | सुरज पौडेल | प्राविधिक सहायक | करार | उत्तरगया गाउँपालिका | ३४७३० |
| ४ | कृष्ण प्रसाद पौडेल | सब इन्जिनियर(पाचौं) | करार | उत्तरगया गा.पा | ३४७३० |
| ५ | राजेन्द्र प्याकुरेल | MIS Operator (पाचौं) | करार | उत्तरगया गाउँपालिका | ३४७३० |
| ६ | निर्मला पन्थी | कानुनी सहजकर्ता | करार | उत्तरगया गाउँपालिका | ३४७३० |
| ७ | मनिषा दाहाल | फिल्ड सहायक(चौथो) | करार | उत्तरगया गाउँपालिका | ३२९०२ |
| ८ | सुदिप कुमार न्यौपाने | उद्यम विकास सहजकर्ता | करार | उत्तरगया गाउँपालिका | ३२९०२ |
| ९ | गिता देवि ढकाल अगस्ती | उद्यम विकास सहजकर्ता | करार | उत्तरगया गाउँपालिका | ३२९०२ |
| १० | दशरथ आचार्य | कार्यालय सहयोगी(प्रथम) | करार | उत्तरगया गा.पा | २४७०२ |
| ११ | रेप्पा तामाङ | कार्यालय सहयोगी(प्रथम) | करार | उत्तरगया गा.पा | २४७०२ |
| १२ | सुन्तली खड्का | कार्यालय सहयोगी(प्रथम) | करार | उत्तरगया गा. पा | २४७०२ |
| १३ | सारदा आचार्य | अ.न.मी(चौथौ) | करार | मैलुङ सामुदायिक स्वास्थ्य इकाई | ३२९०२ |
| १४ | शान्ती घले | अ.न.मी(चौथौ) | करार | मैलुङ सामुदायिक स्वास्थ्य इकाई | ३२९०२ |
| १५ | रामचन्द्र न्यौपाने | अ हे व | करार | तिरु सामुदायिक स्वास्थ्य इकाइ | ३२९०२ |
| १६ | निर्मला रोकाय | अ.न.मी | करार | तिरु सामुदायिक स्वास्थ्य इकाइ | ३२९०२ |

२०८१।०४।१८

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ९८ मितिः २०८१।०३।१८

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | शंकर घिमिरे | भेटनरी जे.टि.ए(चौथौ) | करार | पशु सेवा शाखा १ नं. वडा कार्यालय | ३२९०२ |
| १८ | दिल कुमारी पौडेल | कृषि जे.टि.ए(चौथौ) | करार | कृषि विकास शाखा १ न वडा कार्यालय | ३२९०२ |
| १९ | लक्ष्निराम तामाङ | कार्यालय सहयोगी (प्रथम) | करार | १ नं. वडा कार्यालय | २४७०२ |
| २० | जिरा गुरुङ | सामाजिक परिचालक(चौथो) | करार | २ नं. वडा कार्यालय | ३२९०२ |
| २१ | एकराज पौडेल | सामाजिक परिचालक(चौथौ) | करार | २ नं.वडा कार्यालय | ३२९०२ |
| २२ | आकृती गुरुङ | अ.न.मी (चौथौ) | करार | डाँडागाउँ स्वास्थ्य चौकी | ३२९०२ |
| २३ | अल्का गुरुङ | ल्याब टेक्नीसियन | करार | डाँडागाउँ स्वास्थ्य चौकी | ३२९०२ |
| २४ | लिला मगर | अ.न.मि | करार | डाँडागाउँ स्वास्थ्य चौकी | ३२९०२ |
| २५ | शुष्मा रैला | वैद्य(चौथौ) | करार | डाँडागाउँ आयुर्वेद औषधालय | ३२९०२ |
| २६ | रवि गुरुङ | कार्यालय सहयोगी | करार | वडा नं २ कार्यालय | २४७०२ |
| २७ | हरि वहादुर अधिकारी | गरिब सँग विश्वेश्वर कार्यक्रम | करार | उत्तरगया गाउँपालिका | १५००० |
| २८ | अजय लामा | कार्यालय सहायक (चौथो) | करार | ३ नं. वडा कार्यालय | ३२९०२ |
| २९ | रामशरण पौडेल | ल्याब असिस्टेन्ट(चौथौ) | करार | ठूलोगाउँ स्वास्थ्य चौकी | ३२९०२ |
| ३० | पार्वती गुरुङ्ग | अ न मी | करार | ठुलोगाउँ स्वास्थ्य चौकी | ३२९०२ |
| ३१ | मनिका गुरुङ | कार्यालय सहयोगी | करार | ठुलोगाउँ स्वास्थ्य चौकी | २४७०२ |
| ३२ | सुनिल तामाङ | कार्यालय सहयोगी (प्रथम) | करार | ३ नं. वडा कार्यालय | २४७०२ |
| ३३ | पवित्रा घिमिरे | ल्याब असिस्टेन्ट (चौथौ) | करार | लहरेपौवा स्वास्थ्य चौकी | ३२९०२ |
| ३४ | कल्पना श्रेष्ठ | अ.न.मी | करार | लहरेपौवा स्वास्थ्य चौकी | ३२९०२ |
| ३५ | नविना न्यौपाने | अ.न.मी | करार | लहरेपौवा स्वास्थ्य चौकी | ३२९०२ |
| ३६ | सन्तोषी आचार्य | कृषि जे.टि.ए(चौथौ) | करार | वडा न ४ कृषि प्राविधिक | ३२९०२ |

२०८१।०३।१८

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ९८

मितिः २०८१।०३।१८

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | उद्धव पौडेल | भेटनरी जे.टि.ए(चौथौ) | करार | पशु सेवा शाखा ४ नं. वडा कार्यालय | ३२९०२ |
| ३८ | मोहन दत्त न्यौपाने | कार्यालय सहयोगी (प्रथम) | करार | लहरेपौवा स्वास्थ्य चौकी | २४७०२ |
| ३९ | रन्जु सुनार | कार्यालय सहयोगी | करार | पशु सेवा शाखा वडा नं. ४ | २४७०२ |
| ४० | प्रेम लामा लोप्चन | कार्यालय सहयोगी(प्रथम) | करार | ४ नं. वडा कार्यालय | २४७०२ |
| ४१ | शेखर भुषाल | कार्यालय सहायक (चौथौ) | करार | ५ नं. वडा कार्यालय | ३२९०२ |
| ४२ | मनिका आचार्य | अ.न.मी(चौथौ) | करार | वोगटीटार सामुदायिक स्वास्थ्य इकाई | ३२९०२ |
| ४३ | मेल्नुरानी घले | अ.हे.व(चौथौ) | करार | वोगटीटार सामुदायिक स्वास्थ्य इकाइ | ३२९०२ |
| ४४ | निकिता ढकाल | कृषि जे.टि.ए(चौथौ) | करार | माझगाउँ कृषि सेवा केन्द्र | ३२९०२ |
| ४५ | अजिता न्यौपाने | कार्यालय सहयोगी | करार | पशु सेवा केन्द्र लहरेपौवा | २४७०२ |
| ४६ | कुमार नगरकोटी | कार्यालय सहयोगी(प्रथम) | करार | ५ नं. वडा कार्यालय | २४७०२ |
| ४७ | कल्पना न्यौपाने | कार्यालय सहयोगी(प्रथम) | करार | वोगटीटार सामुदायीक स्वास्थ्य इकाई | २४७०२ |
| ४८ | धुर्व श्रेष्ठ | सवारी चालक | करार | उत्तरगया गाउँपालिका | २७६१२ |
| ४९ | सगुन खानाल | नेत्र सहायक | करार | उत्तरगया आँखा केन्द्र | ३२९०२ |
| ५० | रविन्द्र घिमिरे | आँखा सहायक | करार | उत्तरगया आँखा केन्द्र | २४७०२ |

२०८१।०३।१८